आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १६ जुलाई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले रासायनिक मलको प्रयोग बिना नै फसलको उत्पादन बढाउन सकिने बताउनु भएको छ।

२. माइक्रोसफ्टको सफ्टवेयरमा आएको खराबीका कारण विश्वभरका लाखौं मानिस प्रभावित भएका छन्

३. सर्वोच्च अदालतले संविधानको धारा ३६१ को रूपरेखा जांच गर्न आज सहमति जनाएको छ।

४. शहीद कप्तान ब्रिजेस थापाको आज सैनिक सम्मानको साथमा अन्तिम संस्कार गरिएको छ।

५. बांग्लादेशमा छात्र आन्दोलन हिंसक बनेपछि भारी संख्यामा भारतीय र अन्य देशहरूका छात्र भारत-बांग्लादेश सीमामा एकत्र भएका छन्।

**कृषि मंत्री**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले रासायनिक मलको प्रयोग बिना नै फसलको उत्पादन बढाउन सकिने बताउनु भएको छ। लखनउमा आयोजित प्राकृतिक कृषि विज्ञानसम्बन्धी क्षेत्रीय परामर्श कार्यक्रमलाई सम्बोधन गर्दै श्री चौहानले केन्द्र सरकारले प्राकृतिक खेतीका लागि अखिल भारतीय स्तरको जागरण अभियान सञ्चालन गर्ने बताउनु भयो। आकाशवाणी संवाददाताका अनुसार चौहानले किसानहरूलाई प्राकृतिक खेती गर्न अपिल गर्दै पहिलो दुई वर्षमा उत्पादन कम भएमा पहिलो तीन वर्ष सरकारले प्राकृतिक खेतीका लागि सब्सिडी दिने बताउनु भयो। यसैगरी सरकारले प्राकृतिक खेती गर्ने किसानलाई प्रमाणपत्र दिने र किसानले आफ्नो उत्पादनको राम्रो मूल्य पनि पाउने मंत्री चौहान बताउनु भयो। उहाँले अझ भन्नुभयो ए श्हाम्रो उद्देश्य मलरहित खेतीमा ध्यान केन्द्रित गर्नु होए जसले खेतीको लागत घटाउने मात्र नभई स्वास्थ्यका लागि पनि फाइदाजनक हुनेछ।

****** ० ******

**आईटी खराबी**

माइक्रोसफ्टको सफ्टवेयरमा आएको खराबीका कारण विश्वभरका लाखौं मानिस प्रभावित भएका छन् भने ठूला उद्योगए बैंकिङ सेवा र अन्तर्राष्ट्रिय एयरलाइन्सको सञ्चालन प्रभावित भएको छ। भारतमा इन्डिगोए अकासा र स्पाइसजेट एयरलाइन्सको उडान बन्द गरिएको छ। विश्वभरका वायुसेवा कम्पनीहरुले बिहानदेखि नै आफ्नो चेक–इन प्रणाली अवरुद्ध भएको बताएका छन्। यो समस्या समाधानका लागि उनीहरु अहिले माइक्रोसफ्टसँग सम्पर्कमा छन्। भारतको मुम्बई विमानस्थल सबैभन्दा बढी प्रभावित भएको छ भने दिल्ली विमानस्थलमा टर्मिनल २ सबैभन्दा बढी प्रभावित भएको छ।

****** ० ******

**नीट**

सर्वोच्च न्यायालयले राष्ट्रीय परीक्षा एजेन्सीलाई नीट यूजी-२०२४ का सबै परीक्षार्थिहरुको परीक्षा परिणाम शनिवार दिउसो १२ बजेसम्म वेबसाइटमा राख्न निर्देस दिएको छ। मेडिकल प्रवेश परीक्षासँग सम्बन्धित ४० वटा निवेदनमाथि सर्वोच्च अदालतको इजलासमा सुनुवाइ भइरहेको छ भने अघिल्लो सुनवाई सोमवार हुनेछ।

****** ० ******

**सर्वोच्च न्यायालय.पश्चिम बंगाल राज्यपाल**

सर्वोच्च अदालतले संविधानको धारा ३६१ को रूपरेखा जांच गर्न आज सहमति जनाएको छ । अनुच्छेदले राज्यपालहरूलाई आपराधिक अभियोगबाट छुट दिन्छ। पश्चिम बङ्गाल राजभवनकी एक पूर्व महिला कर्मचारीले दायर गरेको याचिकामा सर्वोच्च अदालतले यस्तो आदेश दिएको हो । यो याचिका राज्यपाल सीवी आनन्दद्वारा कथित दुर्व्यवहार र त्यहाँका अधिकारीहरूले महिला कर्मचारीलाई गलत तरिकाले बन्धक बनाएको सँग सम्बन्धित छ। प्रधान न्यायाधीश डीवाई चन्द्रचूडए न्यायाधीश जेबी पार्दीवाला र मनोज मिश्राको बेन्चले पश्चिम बङ्गाल सरकारलाई नोटिस जारी गर्दै संविधानको धारा ३२ अन्तर्गत दायर याचिकामा भारत सरकारलाई पक्षकार बनाउने स्वतन्त्रता दिएको हो । बेन्चले अटॅार्नी जनरल आर वेंकटरमणीसँग संवैधानिक मुद्दाको निरुपणमा सहयोग मागेको छ ।

****** ० ******

ब्रिजेस थापा

शहीद कप्तान ब्रिजेस थापाको आज सैनिक सम्मानको साथमा अन्तिम संस्कार गरिएको छ। जम्मू कश्मीरको डोडा जिल्लामा आतङ्वादीहरूसित भएको भिडन्तमा शहीद बनेका गोर्खा सपुत शहीद कप्तान ब्रिजेस थापाको पार्थिव शरीर हिजो उनको पैतृक गाउँ दार्जीलिङको बड़ा गिङ्ग ल्याइएको थियो। आज बिहान पूर्ण सैनिक सम्मानका साथ उनको अन्तिम संस्कार गरियो। शहीद थापाको पैतृक थलोमा आज उनका माता-पिताए आफन्तहरूए गाउँलेहरूए भूतपूर्व सैनिक संगठन र विभिन्न संघ संस्थाका प्रतिनिधिहरूले अश्रुपूर्ण अन्तिम बिदाई दिए। यस अवसरमा जीटीए सभाका चेयरम्यान अञ्जुल चौहानए जीटीए पर्यटन विभागका कार्यकारी सभासद नोर्देन शेर्पाए बदमताम गिङ्ग समष्टिका सभासद योगेन्द्र प्रधानए कार्यकारी सभासद रतन थापा सगै गोजमुमो अध्यक्ष बिमल गुरुङ पनि गिङ्गस्थित शहीद थापाको घर पुगेका थिए। आफ्नो छोराको अन्तिम बिदाईको समय पत्रकाहरूसित कुराकानी गर्दै शहीद कप्तान ब्रिजेस थापाका पिता अवकाशप्राप्त कर्नल भुवनेशकुमार थापाले देशको लागि छोरा बलिदान भएको बताउँदै छोरा सानैदेखि देश सेवाको लागि आर्मीमा जान इच्छुक रहेको बताउनु भयो भने आफ्नो छोराले देशको लागि दिएको बलिदानले छात्ती चौढा भएको र सबैको लागि एउटा असल उदाहरण बनेको बताउदै आफ्नो ज्यानको बलिदान दिएर भए पनि देशको रक्षा गर्नुपर्छ भन्ने उदाहरण आफ्नो छोराले दिएको बताउनु भयो।

****** ० ******

**मुख्यमन्त्री**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी आगामी हप्ता तीन दिवसीय दिल्ली यात्रामा जाने बताइएको छ। यस अवधि उहाँले नीति आयोगको बैठकमा भाग लिने बताइएको छ। लोकसभा चुनाउ परिणामको घोषणापछि मुख्यमन्त्रीको यो पहिलो दिल्ली दोड़ौह हुनेछ। यद्यपिए नयाँ दिल्लीमा प्रधानमन्त्री मोदीसित उनले छुट्टै भेट गर्नेछि वा छैनन्ए यसबारे स्थिति स्पष्ट छैन। राजनीतिक विश्लेषकहरूको भनाई छए यस दौड़ाहमा ममताले कांग्रेस नेता सोनिया गान्धीसित पनि भेट गर्नसक्छिन्। संसदमा बजेट २३ जुलाईमा पेश गरिनेछ र नीति आयोगको गवर्निङ काउन्सिलको बैठक २७ जुलाईमा हुनेछ। योजना अनुसारए ममता २५ जुलाई साझँ दिल्ली पुग्नसक्छिन्। २६ जुलाईमा उनी संसद भवन जानेछन्ए जहाँ उनले ‘इन्डी’ गठबन्धनका नेताहरूसित भेट गर्नसक्छिन्। यद्यपिए यी बैठकहरू अहिलेसम्म निश्चित छैन। २७ जुलाईमा साझँ नीति आयोगको बैठक बस्नेछ र ममताले २८ जुलाईमा कोलकाता फर्किने योजना बनाइरहेकी छन्।

****** ० ******

**छात्र आन्दोलन हिंसक**

बांग्लादेशमा छात्र आन्दोलन हिंसक बनेपछि भारी संख्यामा भारतीय र अन्य देशहरूका छात्र भारत-बांग्लादेश सीमामा एकत्र भएका छन्। गत दुई दिनमा लगभग ८३० छात्रलाई सीमामा तैनात सीमा सुरक्षा बल (बीएसएफ) ले भारतीय सीमाभित्र सुरक्षित गरेको छ। सूत्रहरूले यसको जानकारी गराउँदै नागाल्याण्डको दावकीमा १८ जुलाईसम्म भारत-बांग्लादेश सीमा स्थित चेकपोस्ट दावकी-तमाबिलको बाटो भारत पस्ने छात्रहरूको कूल संख्या ४७४ रह्यो। यसमा भारतीय छात्रहरूको संख्या १६८ थियो भने बांग्लादेशका १६८ छात्रए नेपालका १०१ छात्र र भोटानका ७ छात्र सामेल छन्।यसैगरी १६ जुलाई दिउँसो १०३० बजीसम्मको

स्थिति अनुसारए बांग्लादेशबाट ३५६ छात्र भारत पसेका छन्। यसमा २०० भारतीयए १४३ नेपालीए ०१ भोटानी र १२ बांग्लादेशी छात्र सामेल छन्।

****** ० ******

**अज्ञात शव**

मिरिकको बुङकुलुङ नजिक बालासन खोलामा आज एउटा अज्ञात शव भेटिएको छ। उक्त शवलाई खोलाले बगाएर ल्याएको जानकारी प्राप्त भएको छ। पुलिस विभागका डी एम जी रेस्किउ टिम, मिरिक थाना, मिरिक अग्नि विभाग अनि स्थानीयवासीको पहलमा शवलाई निकाल्न सक्षम बन्यो। अज्ञात मानिसको मृत्यु लगभग एक दिन अघिनै भएको शंका गरिएको छ तथापि उक्त शवलाई पोस्ट मार्टमको निम्ति लगिएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**वन महोत्सव-०१**

वन विभाग पश्चिम बंगाल सरकारको आयोजनामा आज जिल्ला स्तरीय वन महोत्सव पालन गरियो। दार्जीलिङ्गको सेन्ट पल्स विद्यालय परिसरमा आयोजना गरिएको यस वन महोत्सवमा पर्यावरण बचाउन साथै जंगली जनावरहरूको सुरक्षा गर्न अनि रुखहरू रोप्न पर्ने आवश्यकता माथि सचेतना प्रदान गरिएको थियो। सेन्ट पल्स विद्यालय अनि टर्नबुल विद्यालयका विद्यार्थीहरु लगायत विभिन्न संघ संस्थाहरुबाट ३०० भन्दा बढी जनमानसहरूको उपस्थिति रहेको यस कार्यक्रममा विद्यार्थीहरुको निम्ति पर्यावरण सम्बन्धी बस अनि चित्र बनाऊ प्रतियोगिताए साईकल रेली गर्नको साथै क्षेत्रको सर सफाई पनि गरिएको थियो। प्रत्येक वर्ष पालन गरिने यस वन महोत्सव जन मानसमा पर्यावरण सम्बन्धी जागरूकता बढाउन गरिएको जानकारी दार्जिलिङ डिभिजनका डिभिजनल फरेस्ट अफिसर शेख फरिदले गराउनु भएको छ ।

****** ० ******

**बन महोत्सव ०२**

दार्जीलिङको मानेभञ्ज्याङ टंग्लु रेञ्जको आयोजनामा बन महोत्सव सप्ताह भव्यताका पालन गरियो। कार्यक्रममा सशस्त्र सीमा बल ३६ बटालियन मानेभञ्ज्याङ कमान्डेण्ट शिबु मण्डल प्रमुख अतिथिको रूपमा उपस्थिति थिए भने विशिष्ठ अतिथिहरूमा वाइल्ड लाइफ आरओ रोषन राई, सुके सिमाना ग्राम पञ्चायत प्रधान मिना थापा गुरूङ लगायत शिक्षक शिक्षिकागण विभिन्न संघसंस्थाका प्रतिनिधि अनि जेएफएमसी प्रमुखहरूको उपस्थिति रहेको थियो। १४ जुलाईदेखि लगातार रूपमा विभिन्न कार्यक्रम सरसफाईए विरूवा वितरणएवृक्ष रोपन साथै बस अनि चित्र बनाउ प्रतियोगिताहरू सामेल रहेको थियो भने आजको विषेश कार्यक्रम महोत्सव पालनमा वृक्ष रोपनए वृक्ष वितरणए बस अनि चित्र बनाउको पुरस्कार वितरण गरिएको थियो।

****** ० ******

**मार्ग**

आज सौरेनी बजारस्थित सार्वजनिक भवनमा सौरेनी ग्राम पंचायत १ अनि मार्ग एनजीओ दार्जीलिङको संयुक्त आयोजनामा मानव तस्करी विरुद्ध सचेतना कार्यक्रमको आयोजना गरियो। कार्यक्रमलाई सौरेनी ग्राम पञ्चायत १ का प्रधान अनिता राई उप प्रधान अजित छेत्री, ग्राम पञ्चायतका सदस्यहरु, दालसा जिल्ला सचिव याङछेन् छिरिङ लेप्चा, मार्ग एनजीओ सोसियल वर्कर्स मनिका राई, दावा जिम्बा लगायत सौरेनी क्षेत्रका आरोग्य फाउन्डेसन, सौरेनी जनकल्याण मंच, दया संघ एस एच जी, आशा आइसिडिएसए सौरेनी रवीन्द्रनाथ हाई स्कूलका विद्यार्थीहरूए लगायत अन्य व्यक्तिहरूको उपस्थिति रहेको थियो।

****** ० ******

**मिरिक**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मिरिक सचिवालयका कार्यकारी निर्देशक अरिजित मित्र अनि मिरिक थर्बु डुप्टिन समष्टिका सभासद एंव मिरिक सचिवालयका इनचार्ज मिलेस राईको उपस्थितिमा मिरिक रङ्गशाला भवनको सभा गृहमा मिरिक महकुमा अन्तर्गत विभिन्न विभागका शीष अधिकारी अनि कर्मचारीहरूसित आधिकारिक सभा गरे।

****** ० ******

****** o ******